# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, भाद्र २७ गते, २०८१ साल (अतिरिक्ताङ्क १५

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

### प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०८१

आन्तरिक मामिला, कोशी प्रदेश

<u>प्रस्तावना:</u> प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यी नियमहरुको नाम "**प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०८१**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३ पछि देहायको नियम ३क. थप गरिएको छ:</u>

"३क. <u>लागत अनुमानको ढाँचा:</u> (१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची-१ को सट्टा यस नियमावलीको अनुसूची-१क. बमोजिमको ढाँचामा निर्माण कार्यको लागत अनुमान तयार गरी नियम ३ बमोजिम स्वीकृत गर्नुपर्नेछ।

(२) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम (४) सँग सम्बन्धित अनुसूची -१क. को सट्टा यस नियमावलीको अनुसूची-१ख. बमोजिमको ढाँचामा लागत अनुमान तयार गरी नियम ३ बमोजिम स्वीकृत गर्नु पर्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

३. प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ को अनुसूची-१ पछि देहायको अनुसूची-१क. र अनुसूची-१ख. थप गरिएको छ:

## अनुसूची -१क.

(नियम ३क. को उपनियम (१) सँग सम्बन्धित)

### निर्माण कार्यको लागत अनुमानको ढाँचा

(क) आइटमको दररेट निकाल्ने तरिका:

श्रमिकहरुको खर्च ................................................ (क)

निर्माण सामग्रीको खर्च ......................................... (ख)

यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित) ........ (ग)

आइटमको दररेट (क + ख + ग) = (घ)

बोलपत्रदाताको ओभरहेड (घ को १५ प्रतिशत) = ०.१५ × (घ)

जम्मा दररेट (ङ) = १.१५ × (घ)

(ख) लागत अनुमान निकाल्ने तरिका:

| क्र.सं. | आइटम | एकाइ | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|---|
| १. | आइटम (१) | | (च) | (ट) | (च) × (ट) |
| २. | आइटम (२) | | (छ) | (ठ) | (छ) × (ठ) |
| ३. | आइटम (३) | | (ज) | (ड) | (ज) × (ड) |
| .... | इत्यादि | | | | |

जम्मा लागत अनुमान (व) = (च × ट + छ × ठ + ज × ड + .......)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**द्रष्टव्यः**

(क) बोलपत्रको अंकलाई तुलना गर्दा लागत अनुमान अङ्क (व) लाई मानिनु पर्नेछ।

(ख) उपर्युक्त अनुसार लागत अनुमान तयार गरिसकेपछि आयोजना/कार्यक्रमको बजेट व्यवस्थापनको लागि आवश्यकता अनुसार लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सी वापत दश प्रतिशतले र फिजिकल कन्टिन्जेन्सी बापत दश प्रतिशतले आयोजना/कार्यक्रमको जम्मा लागतमा थप गर्नु पर्नेछ।

(ग) फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्नेछ।

(घ) आयोजना/कार्यक्रमको लागत अनुमान स्वीकृति र खरिद विधि छनौट गर्ने प्रयोजनका लागि जोड (व) मा मूल्य अभिवृद्धि कर, मूल्य समायोजन कन्टिन्जेन्सी र फिजिकल कन्टिन्जेन्सी जोडी हुन आउने कुल लागत अनुमानलाई मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१ख.

### (नियम ३क. को उपनियम (२) सँग सम्बन्धित)

### <u>परामर्श सेवाको लागत अनुमानको ढाँचा</u>

| सेवा खर्च शीर्षक (क) | एकाइ (ख) | शीर्षकको प्रति इकाइ दर (ग) | शीर्षकको जम्मा परिमाण (घ) | शीर्षकको जम्मा लागत (ङ) |
|---|---|---|---|---|
| <u>शीर्षक (१)</u> जनशक्तिको पारिश्रमिक (ङ१) | | | | (ङ१) = (ग) × (घ) |
| <u>शीर्षक (२)</u> भ्रमण, बसोबास, मालसामान वा उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्च (ङ२) | | | | (ङ२) = (ग) × (घ) |
| <u>शीर्षक (३)</u> तालिम, गोष्ठी, कागजात छपाई वा अनुवाद लगायतका अन्य फुटकर खर्च (ङ३) | | | | (ङ३) = (ग) × (घ) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| जम्मा लागत अनुमान (च) | | | | (च) = (ङ१) + (ङ२) + (ङ३) |

**द्रष्टव्यः**

(क) बोलपत्रको तुलनाको लागि जम्मा लागत अनुमान अङ्क (च) हुनेछ।

(ख) पारिश्रमिक खर्च (ङ१), सोधभर्ना हुने खर्च (ङ२) र अन्य फुटकर खर्च (ङ३) को विस्तृत विवरण तयार गरी यस लागत अनुमान फारमको साथमा राखी प्रस्तुत गर्नु पर्नेछ।

(ग) उपर्युक्त अनुसार लागत अनुमान तयार गरिसकेपछि बजेट व्यवस्थापनको लागि आवश्यकता अनुसार जम्मा लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सी वापत दश प्रतिशतले, विभिन्न कर बापत दश प्रतिशतले र मूल्य अभिवृद्धि कर रकम समेत थप गरी कुल लागत अनुमान अङ्क कायम गर्नु पर्नेछ।

(घ) परामर्श सेवाको लागत अनुमान स्वीकृति र खरिद विधि छनौट गर्ने प्रयोजनका लागि जोड (च) मा मूल्य अभिवृद्धि कर, विभिन्न कर र मूल्य समायोजन कन्टिन्जेन्सी जोडी हुन आउने कुल लागत अनुमानलाई मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

स्वीकृत मिति : २०८१।०५।२७

आज्ञाले,
शंकर नेपाल
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**